संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित
मुलुकी
राष्ट्रिय दैनिक
खबर
माझखर्क
साप्ताहिकको सह-प्रकाशन

बितरक चाहियो
त्रियुगा नगरपालिका उदयपुरको वडा नम्बर ११ गाईघाट बजारमा मुलुकी दैनिक पत्रिका बितरण गर्ने बितरक चाहियो। सम्पर्क - ९८४२९८५१८८

■ बर्ष-१५, ▶▶ अंक ३४३ ▶▶ असार १८ शुक्रबार,२०७८, July–2 Friday 2021, यलेदुङ किरात सम्वत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु. ५/- www.majhkharka.com

त्रियुगा नगरपालिका सडकपेटी खुल्ला बनाउन सफल

अबदेखि ब्यापारीहरुले सडकपेटीमा सामान नराख्ने

❖ **बुद्धि कुमार राई**

गाईघाट, असार १७

उदयपुर जिल्लाको सदरमुकाम रहेको गाईघाट बजारको सडकपेटी लामो समयदेखि अस्तब्यस्त हुँदा पैदलयात्रीले कष्ट बेहोर्दै आएका थिए ।

सञ्चार माध्यममा निरन्तर रुपमा समाचार प्रकाशन, प्रकाशन भएपछि त्रियुगा नगरपालिकाका स्थानीय जनप्रतिनिधि र कर्मचारी असार १६ गते बुधबार देखि सडकपेटी सफाई गर्न अग्रसर भएपछि अहिले बजार क्षेत्रको सडकपेटी सफाई भएको छ।

गाईघाट बजारको सडकपेटीमा खुलमखुल्ला हिड्न सकिने । त्रियुगा नगरपालिकाका कार्यकारी अधिकृत लक्ष्मण बहादुर थापा सडकपेटी सफाई गर्न अगाडी सरेपछि असार १६ गते मंगलबारदेखि गाईघाट बजारको सडकपेटी सफाई भएको छ । पहिलो तस्बिर गाईघाटको बैङ्कलाईनको झोला ब्यापारीहरु सडकपेटी छोड्न खुशीका साथ तयार भएका छन् । दोस्रो तस्बिर त्रियुगा नगरपालिकाका १२ जना नगर प्रहरी मध्ये ५ जना नगर प्रहरीहरु । *तस्बिर - बुद्धि कुमार राई ।*

असार१७ गते बिहिबार बिहान ७ बजे त्रियुगा नगरपालिकाका नगरप्रहरी बैङ्क लाईनमा रहेको झोला तथा छाता ब्यापारीहरुलाई सम्झाएर ब्यापारीहरुलाई सामान सडकपेटीबाट उठाउन आग्रह गर्दै थियो । तर ब्यापारीहरु यो सडकपेटीमा आफुहरुले पहिलेदेखिनै यसरी नै ब्यापार गर्दै आएको र अहिले पनि सडक पेटी मिचेर ब्यापार गर्ने बताए पछि नगरप्रहरी थोरै नरम भएर आग्रह गरेपछि झोला ब्यापारीहरु सामान हटाउन सहमत भए । झोला ब्यापारीहरको एउटै माग थियो नियम सबैलाई समान रुपमा लागु गरिदिन अनुरोध थियो । उनीहरु आफुहरु सडकपेटी छाड्न तयार भएपछि वातावरण सहज भयो र झोला ब्यापारीहरुले आफ्नो सामान सडकपेटीबाट हटाए भने सडकपेटीमा टाँगेका छाप्रो तथा तिर्पाल - *बाँकी २ पेजमा*

२०७८ साल असार १७ गते मुलुकी दैनिकको अंक ३४२ को पहिलो पेजको समाचारको हेडलाईनमा केन्द्रीय सदस्य राई गाईघाटमा हुनुपर्नेमा अन्यथा भएकोले सच्याईएको छ। - सम्पादक

चौदण्डीगढीका उपमेयर

पत्रकार महासंघको अनुगमनमा

❖ **मुलुकी संवाददाता**

चौदण्डी (बेल्टार), असार १७

चौदण्डीगढी नगरपालिकाका उपमेयर रीता कुमारी चौधरीले नेपाल पत्रकार महासंघ उदयपुर शाखाको भबनको परिसरमा बनाईएको घेराबेराको बिहिबार दिउँसो अनुगमन गरेकी छिन्।

चौदण्डीगढी नगरपालिकाको निर्माण समन्धी अनुगमन समितिका संयोजक समेत रहेकी उपमेयर चौधरी नगरपालिकाको अनुगमन समतिका सदस्य र नगरपालिकाका प्राविधिक सहित दिउसो २ बजे गाईघाट बोक्सेस्थित नेपाल पत्रकार महासंघ उदयपुरको भबनमा आएकी थिईन् । चालु आर्थिक वर्ष २०७७/७८ सकिन १३ दिन बाँकी रहँदा यस आर्थिक बर्षमा चौदण्डीगढी नगरपालिकाले नेपाल पत्रकार महासंघ उदयपुर को भवनको सुरक्षाको निम्ति घेराबारा गर्न भन्दै १० लाख आर्थिक सहयोग गरेको थियो। सोही घेराबारा निर्माणको अनुगमन गर्न उपमेयर चौधरी महासंघ आएकी थिईन्। उपमेयर चौधरीको समुहलाई नेपाल पत्रकार महासंघ उदयपुरका उपाध्यक्ष पर्शुराम थापा, सचिब विश्वराज तामाङ र सदस्य बुद्धि कुमार राईले स्वागत गरेका थिए। भबन बारेमा उपमेयरले बुझ्न चाहेपछि महासंघका उपाध्यक्ष पर्शुराम थापा, सचिब विश्वराज तामाङ र सदस्य बुद्धि कुमार राईले पालैपालो ब्रिफिङ दिएका थिए। उपमेयरले महासंघको घेराबाराको काम राम्रो भएकाले अझ आगामी दिनमा नगरपालिका सहयोग गर्न तयार रहेको बताईन् । अनुगमनमा नगरपालिकाका प्राविधिकले घेराबेराको पर्खालको नाप जाँच गरेका थिए ।

नेपाल पत्रकार महासंघ

सम्पर्क – ९८६२९३६१९०
९८१९७४५०६७
गाईघाटे
सेकुवा कर्नर...
हाम्रा सेवाहरु
सेकुवा, रोष्ट, सिकुटी, भुटन, नास्ता सेट, चिसो पेय पदार्थ पाईनुका साथै प्याकिङ्गको पनि सुविधा रहेको छ ।

सम्पादकिय

गिटी जस्तो उकिने कालोपत्रे

एक दशक पटि निर्माण भएको उदयपुर जिल्लाको सदरमुकाम रहेको गाईघाट बजारको टुक्रे टालटुले सडकमा गरिएको कालोपत्रे सडकमा गरिएको काम गुपस्तर बिहिन भएको प्रमाणित भएको छ। गाईघाटको बैङ्क लाईनमा रहेको प्रकाश चिया पसल अगाडी, एनआइसी बैङ्क अगाडी, राष्ट्रिय बाणिज्य बैङ्क अगाडी रहेको सडकमा गरिएको कालोपत्रे सडक गिटी बालुवा जस्तो कुचोले बर्ढादा किन उकिन्छ ? निर्माण कम्पनीको लापारबाही होकी निर्माण कम्पनीले काम सम्झौता गर्दानै त्यस्तै गुणस्तर हुने सहमती गरेका थिए ।

केही हप्ता अगाडीसम्म विवादित र हल्ला भएको गाईघाटको कालोपत्रे सडकलाई त्रियुगा नगरपालिकाले गाईघाट बजारको मुख्य चोकमा स्मारक बनाउने विषय उठाएर विषयान्तर गरेपछि गाईघाटका नगरवासी को दिमाग उता मोडिदिएका थिए । अहिले बजारमा गरिएको सडक्को कालोपत्रे उकिनुको कारण निर्माण कम्पनी र त्रियुगा नगरपालिकाका प्राविधिकले नगरवासीलाई जबाफ दिनु पर्दछ । होइन भने स्थानीय सरकार बलियो सरकार, हाम्रो सरकार, राम्रो सरकारले पनि यस्तो निर्माण कम्पनीले गरेको कामलाई पास गर्ने हो भने अरुले खबरदारी गर्ने ठाउँ रहनेछ । लामो समयपछि गाईघाटको बजारमा रहेको केही सडकहरु कालोपत्रे गरिएकोमा नगरवासीको थौरै आशा जगाएको थियो । अहिले कालोपत्रेको गुणस्तर हेर्दा यो कालोपत्रे कति दिन टिक्छ भन्ने शंकामा नगरवासी रहेका छन् ।

कालोपत्रे सडकको गुणस्तर के हो ? सो सडक कालोपत्रे गरेको कति बर्षसम्म निर्माण कम्पनीले जिम्मेवारी लिएर मर्मत सम्भार या टिकाउको जिम्मेवारी लिने प्रावधान छ त्यो पनि खुलस्त बनाउन आबश्यक छ । सडक कालोपत्रे गरेको असार मसान्तसम्म या बिल पास भईन्जेलसम्म मात्र टिक्ने अनि अर्को आर्थिक बर्ष सुरु हुने बितिकै निर्माण कम्पनीले काम कहिले आउँछ भनेर आशा गर्ने परिस्थिती बन्ने हो भने अब यस्ता काम गर्ने जो कोही कारबाहीको भागिदार हुन तयार हुनु पर्दछ । सामान्यतय नागरिक भन्दा पनि सडक कालोपत्रे निर्माणको नापजाँच गर्ने प्राविधिक, कर्मचारी, निर्माण कम्पनी र स्थानीय जनप्रतिनिधिहरु पनि कारबाहीको भागिदार हुन तयार हुनुपर्दछ। बिकास निर्माणको काम समेत सहमतीमा गुणस्तरलाई तलमाथि गरिनुहुन्न ।

युरोकप .....

चेक रिपब्लिक उत्कृष्ट तेस्रो हुने टोलीको कोटामा पर्दै शिर्ष १६ मा आईपुगेको थियो । गतसंस्करणको विजेता पोर्चुगल भने बेल्जीयमसँग १-० ले हार्दै प्रतियोगिताबाट बाहिरियो। क्रोएशिया पनि स्पेनसँग हार्दै प्रि-क्वाटरफाइनलबाट बाहिरियो। निर्धारित ९० मिनेटसम्म ३-३ को बराबरी खेलेपनि त्यसपछि थप गरिएको अतिरिक्त ३० मिनेटको समयमा थप दुई गोल खाएपछि क्रोएशियाको यात्रा ५-३ ले टुंगियो । यसपटकको शिर्ष १६ को कुरा गर्दा फ्रान्स स्वीजरल्याण्डसँग पेनाल्टी सुटआउटमा ५-४ ले स्तब्ध हुनु सबैभन्दा रोचक रह्यो ।

निर्धारित ९० मिनेटको समय सकिन नौ मिनेट बाँकी रहँदासम्म फ्रान्स ३-१ ले अघि थियो । तर ८१ औं मिनेटमा र अन्तिम ९० औं मिनेटमा लगालग दुई गोल गर्दै स्वीजरल्याण्ड खेलमा फर्किन सफल भयो । त्यसपछि थप गरिएको अतिरिक्त ३० मिनेट कुनै टोलीबाट गोल नभएपछि खेलको छिनोफानो पेनाल्टी सुटआउटबाट लिइयो जसमा स्वीजरल्याण्ड ५-४ ले विजयी भयो। प्रेसनल किमपेम्बे, राफेल भराने, पउल पोग्बा, एलगोलो कान्टे, एन्टोनी ग्रिज्म्यान, ओलिभर जिरोड, किलियन एमबाप्पे, करिम बेन्जेमाजस्ता एकसेएक नाम चलेका चर्चित खेलाडीहरु हुनका बावजुद फ्रान्स हार्न पुग्यो ।

एमबाप्पेले त पेनाल्टी सुटआउटमा गोलसमेत गर्नसकेनन् । फिफा वरियतामा पनि फ्रान्स माथि छ । त्यसबाहेक ईतिहाँस पल्टाएर हेर्ने होभने पनि फ्रान्स नै हाबी भएको देखिन्छ । तर गतसंस्करणको उपविजेतालाई हराउँदै स्वीजरल्याण्ड क्वाटरफाइनल प्रवेश गर्नसफल भयो । प्रि-क्वाटरफाइनलको अन्तिम दुई खेलमा इंग्ल्याण्डले जर्मनीलाई २-० र युक्रेनले स्वीडेनलाई २-१ ले पराजीत गर्‍यो । समुह ई मा एउटै खेल नहारि समुह विजेता बनेको स्वीडेनलाई समुह सी बाट मुस्कीलले उत्कृष्ट तेस्रो हुने टोलीको कोटामा आइपुगेको युक्रेनले ९० मिनेटपछि थप गरिएको अतिरिक्त ३० मिनेटमा आएर पराजीत गरिदियो । आजबाट सुरु हुने क्वाटरफाइनलको पहिलो दिनमा स्वीजरल्याण्ड र स्पेन तथा बेल्जीयम र ईटाली भिड्दैछन् ।

त्रियुगा......

हटाउन नगर प्रहरीले सहयोग गरे । झोला ब्यापारीहरुले सडकपेटीमा आफुहरु हटेपनि आँप बेच्ने ढाकीवालाहरु, ठेलाहरु पनि सडकपेटीबाट हट्न आग्रह गरेका थिए ।

आजदेखि गाईघाटको सबै क्षेत्रको सडकपेटी सफाईमा नगरप्रहरी कडाईका साथ लाग्ने भएका छन् । दुई दिनसम्म सडकपेटीमा सामान नराख्न अनुरोध गरेका नगरप्रहरीले शुक्रबारदेखि सामान जफत गर्ने र जरिवाना गर्ने तयारी गरेको छ ।

गाईघाटको मदन भण्डारी लोकमार्गको बरुवा खोलाको पुलदेखि राजाबास र बोक्सेजाने सडक छुटिने आँखाअस्पतालको दुवै भाग, त्रियुगा पुलदेखि लोकतान्त्रि पिपलचोक सिटिहलसम्म, बाङ्गेलाईन पुरानो बसपार्क, हुँदै पुरानो पेट्रोल पम्प हुँदै टेम्पोचो, बैङ्कलाईन, बिधुतमार्ग भएर पुन लोकतान्त्रिक पिपलचोकसम्म यि सबै क्षेत्रमा नगरप्रहरीले निगरानी गर्नुको साथै ब्यापारीहरुको सामान आजदेखि अनुरोध गर्दै जफत गरेर जरिवाना गर्ने योजना बनाएका छन् ।

भिमरैता अस्पतालले

गाईघाटमा सेवा थाल्यो

❖ **बेद कुमारी राई**

गाईघाट, असार १७

भिमरैता ट्रमा एण्ड मेटानिटी हस्पिटल उदयपुरको सदरमुकाम गाइ्घाटमा असार १७ गते विहिबारदेखि सेवा सुरु गरेको छ।

पुरानो गाईघाट सडकमा रहेको अस्पतालले एमविविएस डाक्टरको रेखदेखमा हाडजोर्नी तथा नशा रोग राजविराजको डा. सरोज कुमार शाह डाक्टर रामनारायण चौधरीको निगरानिमा वालरोग विराटनगरको विपिकोइराला धरानका डाक्टर मनोज चौधरी छाला सम्बन्धी रोग काठमाण्डौंको डाक्टर खाधना साहले स्त्री तथा महिला सम्बन्धी रोगको उपचार गनै अस्पतालका प्रमुख डाक्तर निर्मला चौधरीले बताइन्।

विहिबार एक बताइन् अस्पातालको सेवा सुरु गरेको अस्पतालका प्रवन्ध निर्देशक जयप्रकाश चौधरीले बताए। अस्पटालका प्रमुम डाक्टर निर्मला चौधरीले धरान स्थित घोपा क्याम्पसमा १ बर्ष आपतकालिन शाखामा काम गरेकी बताइन्। उनले अस्पटालमा सामान्य शारिरीक शल्यक्रिया छाती दुखेको ,पेट दुखेको उपचार गर्ने बताइन। बालरोम छाला रोग,स्त्री तथा महिला रोग र हाडजोर्नीका उपचार गर्ने चार जना डाक्टरहरुले भर्न हप्ताको एक दिन सेवा दिने अस्पताललाइ जनाएको छ।

अस्पतालमा डा.निर्मला चौधरीको कमाण्डमा १ जना एचए,१ जना जिएमए,१ जना ल्याव,१ जना फारमिष्ट रहेर अस्पताललाइ सेवा दिने प्रमुख डाक्टर चौधरीले बताइन। अस्पतालका सञ्चालक असोक चौधरीकाअनुसार उदयपुर गाईघाटका नागरीकलाइ सस्तो र सुलव सुल्कमा भर पर्दो गुणस्तर सेवा दिन उदयपुरको गाईघाटमा भिमरैता अस्पताल सुरु गरेको बताए।

संगम पुस्ताकालयले

बेलकालाई अक्सिजन प्लान्ट दियो

❖ **मनिता कुमारी राई**

गाईघाट, असार १७

बेलकाको अक्सिजन प्लान्टलाई संगम पुस्तकालय र रिड नेपालको २ लाख आर्थिक सहयोग उदयपुरको बेलका नगरपालिकामा निर्माण हुन लागेको अक्सिजन प्लान्टका लागि चौतर्फि करुपमा सहयोगहरु जुटीरहेको छ।

कोरोनाको नियन्त्रण तथा रोकथामका लागि निमार्ण गर्न लागिएको अक्सिजन प्लान्टका लागि विभिन्न स्थानबाट सहयोग प्राप्त भइरहदा संगम सामुदायीक पुस्ताकालय र रिड नेपालले पनि आर्थिक सहयोग गरेको छ। पुस्तकालय र रिड नेपाल संस्थाले बुधबार रु.२ लाख बराबरको चेक बेलका नगारपालिकाका मेयर दुर्गा कुमार थापालाई हस्तान्तरण गरिएको हो।

पछिल्लो समय अक्सिजनको चरम अभाव भए सँगै संचालनमा ल्याउन लागेको अक्सिजन प्लान्टले प्रती घन्टा १ हजार १ सय ५० क्युबिक मिटर अर्थात दैनिक ३८ सिलिन्डर अक्सिजन ग्यास उत्पादन गर्ने मेयर थापाले जानकारी दिनुभयो। थापाका अनुसार अक्सिजन प्लान्ट जडान गेरर उत्पादन शुरु भएपछि अक्सिजन आवश्यक पर्ने कोरोना संक्रमितहरुको लागि एकै पटक धेरै जनालाई अक्सिजन दिन सक्ने बताए।

अक्सिजन प्लान्ट निर्माण पश्चात कुनै पनि संत्रमितले अक्सिजनको अभावमा अकालमै मृत्युबर गर्नु नपर्ने उनले बताए। पुस्तकालयका अध्यक्ष भरत खड्काले विसम परिस्थितीको सामना गर्न बेलकामा निर्माण हुन लागेको अक्सिजना प्लान्टको कार्यलाई सफताको शुभकामना दिनुभयो। पठन संस्कृतिको पूर्वाधार : पुस्तकालयको विकास र विस्तार एक स्थानीय तह : एक नमुना पुस्तकालय निरन्तर अभियान अन्तर्गत रिड नेपाल र पुस्तकालयको तर्फबाट २ लाखको चेक हस्तान्तरण गरेको अध्यक्ष खड्काले बताए। पुस्तकालयका अध्यक्ष भरत खड्काले विसम परिस्थितीको सामना गर्न बेलकामा निर्माण हुन लागेको अक्सिजना प्लान्टको कार्यलाई सफताको शुभकामना दिए।

पठन संस्कृतिको पूर्वाधार : पुस्तकालयको विकास र विस्तार एक स्थानीय तह : एक नमुना पुस्तकालय निरन्तर अभियान अन्तर्गत रिड नेपाल र पुस्तकालयको तर्फबाट २ लाखको चेक हस्तान्तरण गरेको अध्यक्ष खड्काले बताए।

असार १७ गते बिहिबार गाईघाटको तरकारी भाउ

१,	आलु	रु ३०
२,	अदुवा	रु १२०
३,	टमाटर	रु ६०
४,	बन्दा	रु ५०
५,	भेन्टा	रु ४०
६,	खुर्सानी	रु ८०
७,	मुला	रु ४०
८,	पर्बल	रु ६०
९,	तितेकरेला	रु४०
१०,	भिन्डी	रु ४०
११,	च्याउ	रु २००
१२,	फुलकोबी	रु १००
१३,	फर्सि	रु ५०
१४,	कटहर	रु ४०
१५,	काका	रु ४०
१६,	धनियाँ	रु ८०
१७,	लोकलबोडि	रु ८०
१८,	खर्बुजा	रु ४०
१९,	रायो साग	रु १००
२०,	लट्टे साग	रु ६०
२१,	प्याज	रु ५५
२२,	निगुरो	रु २५
२३,	दुध	रु ७०
२४,	दहि	रु ९०
२५,	महि	रु ५०
२६,	घिउ	रु ७००
२७,	रागाको मासु	रु ४००
२८,	बंगुरको मासु	रु ४००
२९,	खसिको मासु	रु १०००
३०,	कुखुराको मासु	रु ३२०

नारायणी ग्याँस

गाईघाट,डिलर, उदयपुर

बिक्रेता - अर्जुन तिम्सिना
यहाँ ग्यासको रेगुलेटर, चुलो ग्याँस समन्धी सम्पूर्ण सेवा उपलब्ध छ।

नारायणी ग्याँस
गाईघाट,डिलर, उदयपुर
बिक्रेता - अर्जुन तिम्सिना
सम्पर्क मो. - ९८१९३३२३३२
स्थान - गाईघाट, उदयपुर, पूर्णपुष्टि मिडिया हाउसको पुर्वपटी रहेको मन्दिर को पुलको दक्षिण।

होटल रोदुङ सेकुवा/कर्नर & लज
रोदुङ सेकुवा कर्नर
यहाँ खाजा नास्ता पाईन्छ।

प्रोपाईटर - अगम चामलिङ राई, ९८०७७६४३४३
गाईघाट, उदयपुरको सबै भन्दा पुरानो सेकुवा कर्नर। स्थान- गाईघाट मुख्य चोक उत्तर लोकतान्त्रिक पिपलचोक जाने दाँया साइडमा। एनएमबी बैङ्क अगाडी। यहाँ खाने,बस्ने राम्रो व्यवस्था छ।

युरोकपको क्वाटर फाइनलका खेलहरु यस्तो रह्यो

❖ **बिबेक राई**

गाईघाट, असार १७

यूरोपियन फुटबल च्याम्पियनसिप (यूरोकप) को १६ औं संस्करण अहिले यूरोपमा जारी छ। प्रि-क्वाटरफाइनल अर्थात शिर्ष १६ को खेल सकिएर दुई दिनको विश्रामपछि क्वाटरफाइनलका खेलहरु आजबाट सुरु हुँदैछ । यसअघि एक वा बढीमा दुई देशमा आयोजना हुँदै आएको यूरोकप यसपटक कोरोनाको कारण यूरोपको विभिन्न ११ देशको ११ शहरमा आयोजना भयो। मिनि वर्ल्डकपको नामले समेत चिनिने यूरोकपको गतसंस्करणको विजेता पोर्चुगल र उपविजेता फ्रान्स हो ।

गतसंस्करणको आयोजना फ्रान्सले गरेको थियो भने त्यहीबेलादेखि नै सहभागि संख्यालाई १६ बाट बढाएर २४ पुऱ्याइएको थियो। सहभागि संख्या बढाइएपनि पोर्चुगल पहिलोपटक यूरोकप जीत्न सफल भएको थियो । समुह एफ मा पोर्चुगलले त्यतिबेला समुह चरणको एउटै खेल जीतेको थिएन । समुह चरणको तीनवटै खेलमा बराबरी खेल्दै तीन अंक जोड्दै मुस्कीलले उत्कृष्ट तेस्रो हुने टोलीको कोटामा पर्दै समुह चरण पार गरेको थियो। तर समुह चरण पार गरेर नकआउट चरण आएपछि सबै खेल जीत्दै फाइनलमा आएर उपाधि नै जीत्न सफल भएको थियो ।

यसपटक पनि पोर्चुगल समुह एफ मा नै परेको थियो र उत्कृष्ट तेस्रो हुने टोलीका कोटामा पर्दै समुह चरण पार गरेको थियो । तर यसपटक भने पोर्चुगल समुह चरण पार गरेर नकआउट चरण अर्थात शिर्ष १६ मा आइपुगेपनि यहाँभन्दा अगाडि बढ्न सकेन । बरु अघिल्लो संस्करणको फाइनल खेलेका पोर्चुगल र फ्रान्स दुवै टोली यसपटक शिर्ष १६ बाट नै बाहिरिए । ग्रुफ अफ डेथ भनिएको समुह एफ को फ्रान्स, जर्मनी, पोर्चुगल र हंगेरी चारै टोली बाहिरिसकेका छन् । अझ कमजोर आँकिएका टोलीहरुले बलियो भनिएका टोलीलाई स्तब्ध पारिरहेका छन् ।

यसपटकको संस्करणलाई रोचक बनाउने क्रममा शिर्ष १६ को पहिलो खेलमा नै चर्चित खेलाडी ग्यारेथ बेलको कप्तानीमा उत्रेको वेल्सलाई डेनमार्कले पराजित गऱ्यो । वेल्सभन्दा कमजोर आँकिएको डेनमार्कले जीत त्योपनि ४-० को फराकिलो जीत रच्दै धेरैलाई अचम्मित पाऱ्यो। उक्त चार गोलको अन्तर जारी प्रतियोगितामा अहिलेसम्मको लागि सबैभन्दा फराकिलो अन्तरको नतिजासमेत हो। त्यसपछि शिर्ष १६ को दोस्रो खेलमा ईटालीले अष्ट्रियालाई २-१ ले हरायो। सबै तीन गोल निर्धारित ९० मिनेटपछिको थप गरिएको अतिरिक्त ३० मिनेटमा भएको थियो ।

ईटालीको जीत अपेक्षित भएपनि अष्ट्रियाले यति बलियो चुनौति पेश गर्नेमा शायदै कसैले अनुमान लाएको थियो । फिफा वरियतामा पनि अष्ट्रिया धेरै नै तल छ। फिफा वरियतामा ईटाली सातौं र अष्ट्रिया २३ औं स्थानमा छ । अष्ट्रियाले आफूभन्दा १६ स्थान माथिको ईटालीलाई कडा टक्कर दिएको थियो । शिर्ष १६ अर्थात पि-क्वाटरफाइनलको खेलमा नेदरल्याण्ड्स र पोर्चुगल स्तब्ध भएपछि यसपटकको यूरोकपमा झन् रोचकता थपियो । समुह चरणको सबै तीन खेल जीतेर समुह सी को विजेता बन्दै शिर्ष १६ मा आइपुगेको नेदरल्याण्ड्सलाई चेक रिपब्लिकले २-० ले हरायो ।

समुह डी मा तेस्रो भएको

- *बाँकी २ पेजमा*

भलिबल खेलको मोह । उदयपुर जिल्लाको त्रियुगा नगरपालिकाको वडा नम्बर १४ साउनेस्थित साउने स्वास्थ्यचौकी मुनी रहेको भलिबल कोर्ट । नेपालको राष्ट्रिय खेल भलिबल खेल नेपालको पहाडी भेगमा धेरै खेलिने खेल हो । यो खेल मैदान सदरमुकाम गाईघाटदेखि उत्तरी दिशामा गाईघाट दिक्तेल सगरमाथा लोकमार्गको १३३ किलोमिटर सडकको २६ किलोमिटर उत्तरमा पर्दछ ।

तस्विर - बुद्धि कुमार राई ।

समयमै कर तिरौं : असल नागरिकको परिचय दिऔं

- आफुले सञ्चालन गरेको व्यापार, व्यवसाय गाउँपालिकामा गएर दर्ता गरौं र समयमै नविकरण गर्ने गरौं ।
- व्यवसाय दर्ता गरेर मात्र व्यापार, ववसाय सञ्चालन गरौं, असल व्यवसायीको पहिचान कायम गरौं ।
- उपभोक्ताको स्वास्थ्यमा प्रतिकुल असर पार्ने कुनै किसिमका खाद्य बस्तुको विक्री वितरण नगरौं।
- विना इजाजत मदिराजन्य पदार्थको विक्री वितरण नगरौं ।
- खाद्य र अखाद्य वस्तु एकै ठाउँमा राखेर विक्री वितरण नगरौं ।
- समयमै कर तिरौं : कर तिर्न बिलम्ब गर्दा हुनसक्ने जरिवाना र हर्जाना तिर्नबाट बचौं ।

रौतामाई गाउँपालिका
भुटार, उदयपुर

उदयपुरगढी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
उदयपुरगढी, उदयपुर
कृषि शाखा

जनहितमा जारी सन्देश ।

- कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं,
- किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं,
- कृषिमा आत्मनिर्भर, पशु पालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं,
- बाँझो जमिन उपभोग गरि खाद्यान्न संकट हटाउनमा जोड दिऔं,
- मानव स्वास्थ्य र वातावरणलाई बचाउन अर्गानिक खेती प्रवर्द्धन गरौं,
- माटोमा जिवित वस्तुहरुको संख्या वृद्धि गरि माटोको उर्वराशक्ति बढाऔं,
- उपयोगी मित्र जिव किराको संरक्षण गरौं,
- रसायनिक विषादीका नकारात्मक असरहरु बारे सचेत रहौं,
- रैथाने बालीवस्तुको संरक्षण गरौं,
- बाली बिमा गरौं, भवितव्यबाट हुने क्षतिको न्यूनीकरण गरौं,
- सिमसार तथा सार्वजनिक कुवा, कुलो, पैनीको संरक्षण गरौं ।

Ad by [illegible]

माझखर्क साप्ताहिकको सह-प्रकाशन
मुलुकी
प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई (बुद्धि चामलिङ राई)
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय – त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोन:– ०३५-४२०३९४/९८५२८३५८८८
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट